आ.व. ०६८/०६९

२०६८/४/१ देखि

आज मिति २०७८।४।१५ गतेका दिन यस हरिनास गाउँपालिकाका अध्यक्ष श्री खिमनारायण मान्नधर ज्यूको अध्यक्षतामा निम्नानुसारका गाउकार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बैठक बसी तपशिलका निर्णयहरु गरियो ।

तपशिलः

| दस्तखत | पदाधिकारीको नाम थर | पद |
|---|---|---|
| | श्री खिमनारायण मान्नधर | गाउँपालिका अध्यक्ष |
| | श्री झनमाया पराजुली | गाउँपालिका उपाध्यक्ष |
| | श्री भिमवहादुर भुजेल | वडाध्यक्ष वडा नं. १ |
| | श्री पर्शुराम सिग्देल | वडाध्यक्ष वडा नं. २ |
| | श्री लेखवहादुर क्षेत्री | वडाध्यक्ष वडा नं ३ |
| | श्री चिन्तामणि शर्मा | वडाध्यक्ष वडा नं ४ |
| | श्री डन्डवहादुर राना | वडाध्यक्ष वडा नं ५ |
| | श्री नरवहादुर थापा | वडाध्यक्ष वडा नं ६ |
| | श्री केशमाया थापा | वडाध्यक्ष वडा नं ७ |
| | श्री हिममाया थापा | कार्यपालिका सदस्य |
| | श्री उजेली नेपाली दर्जि | कार्यपालिका सदस्य |
| | श्री रेखा विश्वकर्मा | कार्यपालिका सदस्य |
| | श्री धनमाया राना | कार्यपालिका सदस्य |
| | श्री महेन्द्र गोतामे | कार्यपालिका सदस्य |
| | श्री सुरज वहादुर नेपाली | कार्यपालिका सदस्य |
| | श्री पर्शुराम उपाध्याय | सदस्य सचिव (प्रमुख प्रशासकीय अधिकृत) |

CamScanner

| | | |
|---|---|---|
| | लालचन गैहे | हरिनास गाउपालिका कार्यालय |
| | मनोज शर्मा वाग्ले | हरिनास गाउपालिका कार्यालय |
| | नोल वहादुर थापा | हरिनास गाउपालिका कार्यालय |

निर्णय नं १ आ.ब. २०७७।०७८ मा यस हरिनास गाउँपालिका कार्यालयबाट सम्पादन भएका कार्यहरुको समिक्षा गर्दा कार्यालयको कार्यमा सहज ल्याउने जनप्रतिनिधि, राजनैतिक दलका प्रतिनिधिहरु एवं कर्मचारीहरुलाइ धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो । साथै गत आ.ब. को बिषयगत समिक्षा कार्यक्रम मा सुधार गर्नु पर्ने कुराहरुलाइ क्रमश सुधार गर्ने निर्णय समेत गरियो ।

निर्णय नं.२ संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय काठमाण्डौबाट प्राप्त भएको स्थानिय तहमा कार्यरत स्थायी कर्मचारीहरुका लागी कार्य सम्पादन मूल्यांकन फारामलाइ अनुमोदन गरी सोही कार्य सम्पादन मूल्यांकन फारामबाट कर्मचारीहरुको मूल्यांकन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ यस कार्यालय वा अन्तरगत कार्यालयमा प्रशासन सेवा कृषि सेवा पशु सेवा स्वास्थ्य सेवा बिविध सेवामा कार्यरत करार कर्मचारीहरुको म्याद २०७८।४।१ गते देखि २०७८ पौष मसान्त सम्म करार म्याद थप गर्ने र गरिबि निवारणका लागि लघु उद्यम कार्यक्रम अन्तरगत करार नियुक्ती भएका सहजकर्ता कल्पना के.सी. को कार्य सम्पादन सन्तोषजनक नरहेकोले निजको म्याद थप नगर्ने निर्णय गरियो ।

निर्णय नं. ४ वर्षातको समयमा गएको बाढी पहिरोको कारणले बिपदमा परेका यस हरिनास गाउँपालिका भित्रका जनताहरुको बिवरण बिपद समितिमा निवेदन पेश गर्नका लागी सम्पूर्ण वार्ड कार्यालयहरुमा पत्रचार गरी प्राप्त भए पश्चात जिल्ला बिपद व्यवस्थापन समितिमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ आ.ब. २०७८।०८९ देखि बिगत आ.ब.को कार्यसम्पादन हेरी यस कार्यालय र अन्तरगत कार्यालयहरुमा कार्यरत कर्मचारीहरुलाइ पुरस्कृत गर्नका लागी हरिनास गाउँपालिकाको स्थानिय निजमती सेवा पुरस्कार सम्वन्धि कार्यविध २०७८ र हरिनास गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको सामुहिक अध्ययन अवलोकन भ्रमण सम्वन्धि कार्यविधि २०७८ सर्वसम्मत पास गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ गाउँपालिकामा हाल सम्म आवधिक योजना र गाउँपालिकामा डिजिटल प्रोफाइल बनाउन (तथ्यंक संकल) कार्य नबनेकोले उल्लेखित कार्य सम्पादन गर्नका लागी सूचि दर्ताका लागी नियमानुसार सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ आ.ब. २०७८।०७९ मा यस हरिनास गाउँपालिकाबाट सम्पादन हुने कार्यमा अध्यक्ष खिमनारायण मानन्धरको अध्यक्षतामा बसेको दररेट निर्धार्ण समितिबाट तयार भएको स्थानिय न्यूनतम दररेट लाइ अनुमोदन गरी सोही अनुसार लागु गर्ने निर्णय गरियो ।

(खिम नारायण मानन्धर)
अध्यक्ष

CamScanner